# असमेली नेपाली कविताका प्रवृत्ति

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयमा विद्यावारिधि (पिएच.डी.)
उपाधिका लागि
प्रस्तुत

## शोध प्रबन्ध

शोधकर्ता
**दैवकी देवी**
उपप्राध्यापक
विद्यावारिधि दर्ता नं. १९/०६५ श्रावण
त्रि.वि. दर्ता नं. ६३/११-९१

२०७०

# सिफारिस पत्र

**असमेली नेपाली कविताका प्रवृत्ति** शीर्षकको शोध प्रबन्ध दैवकी देवीले हाम्रा सुपरिवेक्षणमा तयार गर्नु भएको हो । उहाँलाई नेपाली विषयको विद्यावारिधि उपाधि प्रदान गर्नका निम्ति यस शोध प्रबन्धको मूल्याङ्कन गर्ने व्यवस्था गरि दिन हामी त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौँ ।

**शोध प्रबन्ध समिति**

__________________________

प्रा. राजेन्द्र सुवेदी
शोध निर्देशक

__________________________

सह प्रा.डा. लक्ष्मणप्रसाद गौतम
सह शोध निर्देशक

मिति २०७०/९/२५

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिन कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **असमेली नेपाली कविताका प्रवृत्ति** शीर्षकको यो शोध प्रबन्ध मैले मेरा शोध निर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोध प्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तीप्रति कृतज्ञ पनि छु । यस शोध प्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोध प्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे/गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

दैवकी देवी
शोधकर्ता

मिति : २०७०/९/२५

# कृतज्ञता ज्ञापन

साहित्यका विविध विधा मध्ये कविता विधा सबै भन्दा जेठो र समृद्ध विधा मानिन्छ । यो परिवर्तनशील जीवन भोगाइका क्रममा विकसित मानिन्छ । मानिसले भोग्दै आएको मर्म-व्यथा, हर्ष-विस्मात आदिको अभिव्यक्ति दिने क्रममा मानवीय भाव, विचार अनुभूतिको विविध पक्ष कविताद्वारा व्यक्त भएका छन् । मानव विकासको परिवर्तनशील अवस्थाका साथ साथै कविता विधामा पनि विभिन्न मोड तथा प्रवृत्तिहरूको परिवर्तन हुँदै आएको छ । नेपाली साहित्यको विकासमा भारतीय नेपाली साहित्यको योगदान पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । भारतको विभिन्न प्रान्तहरू मध्ये उत्तर पूर्वाञ्चल भारतको साहित्यिक योगदान पनि महत्वपूर्ण रहेको छ । उत्तर पूर्वाञ्चलका सातओटा राज्य असम, अरुणाचल, मणिपुर, नागाल्याण्ड, त्रिपुरा, मेघालय र मिजोराम मध्ये साहित्यिक गतिविधिको अग्रसरतामा असम राज्यको साहित्यिक योगदान प्रबल रूपमा रहेको मानिएको छ । असमेली नेपाली कविता विधाको क्षेत्रमा निकै फराकिलो र विस्तृत बन्दै गएको भए पनि यस क्षेत्रको कविता विधाको खोज अनुसन्धान कार्य त्यति हुन नसकेको अवस्थाले गर्दा यस क्षेत्रको कविता विधाको अध्ययन गर्ने चाहना जागृत भई यो अनुसन्धान कार्य थालिएको हो ।

शोधकार्य आफैमा अत्यन्त जटिल, कठिन र अति गम्भीर विषय भएकाले गर्दा यसलाई सत्य र इमान्दारी पूर्वक खोज अनुसन्धान गर्नु पर्ने हुन्छ । मेरो अनुसन्धान कार्यमा देखा परेका अन्योल र अज्ञानतलाई हटाउने सारथीका रूपमा रहेर कुशल निर्देशन दिनु हुने मेरा श्रद्धेय गुरु एवम् शोध निर्देशक प्रा. राजेन्द्रप्रसाद सुवेदीज्यूको कुशल निर्देशनबाट यो शोध प्रबन्ध तयार भएको हो । मेरा श्रद्धेय गुरुबाट पाएको प्रशस्त सहयोगले गर्दा नै शोध प्रबन्धले सहजताका साथ पूर्णता पाएको हुँदा यस अमूल्य सहयोगका निम्ति उहाँलाई म हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोध प्रबन्ध तयार गर्ने क्रममा उपयुक्त सरसल्लाह, सुझाव, मार्ग निर्देशन र घरि घरि झकझक्याएर चाँडो सिद्ध्याउन उत्साह दिएर प्रेरित गर्ने मेरा सहनिर्देशक प्रा.डा. लक्ष्मणप्रसाद गौतमज्यूलाई हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोध प्रबन्ध तयारीका क्रममा मैले धेरै विद्वत्वर्गबाट विभिन्न किसिमका सहयोग र सुझाव प्राप्त गरेकी छु । यस मध्येमा विभिन्न सहयोग र सुझावहरूद्वारा उत्प्रेरणा दिने मेरा श्रद्धेय गुरुवर प्रा. केशवप्रसाद सुवेदी, श्रीमान् डीन चिन्तामणि पोखरेलज्यू, सहायक डीन डा. ताराकान्त पाण्डेयज्यू, नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. खगेन्द्रप्रसाद लुईंटेल, उप प्राध्यापक डा. नेत्र एटमप्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययनको क्रममा सुरुदेखि नै विभिन्न किसिमको शैक्षिक दिशा तर्फको सर-सल्लाह, पुस्तकालयीय सामग्री सङ्कलनका निम्ति परामर्श, सहयोग पुऱ्याउनु हुने मेरा सहपाठी सहप्रा.डा. नारायण गडतौलाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । प्रस्तुत शोधकर्यका निम्ति शोध नायकका रूपमा रहनु भएका सम्पूर्ण असमेली नेपाली कविताका स्रष्टा कविहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । उहाँहरूकै काव्य कृतिहरूको अनुशीलन गरेर यो शोधप्रबन्ध तयार भएको हो । अतः उहाँहरूप्रति म चिर ऋणी छु ।

मेरो यो शोध प्रबन्ध थाल्नुअघि शोध प्रबन्धको प्रारम्भ गर्न दिशा निर्देशन गर्ने मेरा ठूला बुवा तथा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति श्रद्धेय गङ्गाप्रसाद उप्रेती र ठूली मुमा श्रीमती डिल्लीमाया उप्रेतीमा सदैव आभारी छु । साथै मेरा सानाबुबा त्रिलोचन उप्रेती र सानीमा पुष्पा उप्रेतीमा पनि आभार व्यक्त गर्दछु । शोध प्रबन्धका निम्ति मलाई हौसला र प्रेरणा दिने मेरा दाजु भाउजू श्री किशोर सेढाई र गंगा सेढाईंमा आभार व्यक्त गर्दछु ।

मेरो यस शोध प्रबन्ध सम्पन्न गर्ने सङ्कल्पलाई मूर्तरूप प्रदान गर्ने सन्दर्भमा मलाई विभिन्न विद्वान् वर्ग र शैक्षिक सङ्घ संस्थाबाट सहयोग प्राप्त भएको छ । सामग्री सङ्कलन गर्ने सन्दर्भमा असमको गुवाहाटीका श्रद्धेय काका नव सापकोटा, दिदी शान्ति थापा, तेजपुरका दाजु ज्ञानबहादुर क्षेत्री, मित्रदेव शर्मा, गीता उपाध्याय, बद्री गुरागाईं, खड्गबहादुर, कौशिक, प्रा. दुर्गाप्रसाद उपाध्याय, डम्बर दाहाल र छविलाल उपाध्याय तथा धेरै साहित्यिक विद्वान्हरूको सहयोग प्राप्त भएको छ । म उहाँहरूप्रति आभार व्यक्ति गर्दछु । यसका साथै त्रि.वि. केन्द्रीय पुस्तकालयबाट पनि धेरै सहयोग प्राप्त भएको छ । यसका निम्ति हार्दिक आभार र धन्यवाद व्यक्त गर्दछु । मेरो शोध प्रबन्ध पूर्णताका निम्ति वर्सेनी पटक पटक बिदा उपलब्ध गराई सहयोग गर्नु हुने सतिया महाविद्यालयका अध्यक्ष डा. स्वपनकुमार कलिताज्यू र सतिया महाविद्यालय परिचालना समितिका अध्यक्ष तथा सतिया विधान सभाका विधायक श्रीमान् पद्म हाजरिकाज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसरी नै मलाई मेरो शोध प्रबन्धमा विद्वत्वृत्ति उपलब्ध गराइ दिएर आर्थिक हयोग गर्ने श्री शिक्षा मन्त्रालय काठमाडौँ तथा गोर्खा उन्नयन परिषद् असमप्रति आभार व्यक्त गर्दछु । मेरो शोध प्रबन्ध सम्पन्न गर्ने क्रममा मेरो घर परिवारबाट मैले पाएको प्रत्यक्ष र अप्रत्यक्ष समर्थनका निम्ति मेरा बुबा केवली सेढाईं, आमा जमुना सेढाईं तथा सासू अम्बिका देवी, ससुरा टीकाराम तिम्सिनाप्रति सदैव ऋणि छु । त्यसै गरी शैशव अवस्थादेखि नै पटक पटक आमाको वात्सल्य प्रेमबाट वञ्चित भएर सहयोग पुऱ्याउने मेरा छोरा जीवदेव तिम्सिना र सुभम तिम्सिनामा हार्दिक धन्यवाद टक्र्याउँछु । मलाई शैक्षिक क्षेत्रमा अग्रसरताको निम्ति सदैव हौसला, प्रेरणा, शैक्षिक वातावरण प्रदान गर्ने र अनेक किसिमका सहयोग पुऱ्याउने मेरा जीवनसाथी घनश्याम तिम्सिनाप्रति साधुवाद सहित स्मरण गर्न चाहन्छु । अन्त्यमा प्रस्तुत शोध प्रबन्ध यथासमयमा टङ्कण गरी सहयोग गरिदिनु हुने श्री वृष रावलज्यूलाई धन्यवाद प्रकट गर्दछु ।

**दैवकी देवी**
शोधकर्ता

मिति : २०७०/९/२५

# शोधसार

'असमेली नेपाली कविताका प्रवृत्ति' शीर्षकको प्रस्तुत शोध प्रबन्ध दस परिच्छेदमा विभक्त छ । असमेली कविताका मुख्य प्रवृत्ति के हुन् भन्ने समस्यामा केन्द्रित यस शोधकार्यमा असमेली नेपाली कविता लेखनको पृष्ठभूमि के कस्तो रहेको छ, असमेली कविताको विकासका चरण, उपचरण के कस्ता छन् र ती चरण उपचरणका प्रतिनिधि कवि र तिनका काव्यका मूलभूत प्रवृत्ति के कस्ता छन् भन्ने समस्यालाई प्रस्तुत गरेर तिनको प्राज्ञिक समाधान गर्ने उद्देश्य राखिएको छ । पहिलो परिच्छेदमा यिनै प्राज्ञिक जिज्ञासा, तिनको उद्देश्य, शोधकार्यको औचित्य, महत्त्व, शोधकार्यको विधि र सीमा जस्ता पक्ष समावेश गरिएका छन् ।

शोध प्रबन्धको दोस्रो परिच्छेदमा कविता विधाको सैद्धान्तिक स्वरूप र विश्लेषणको सिद्धान्तको परिचय दिइएको छ । असमेली कविताको विश्लेषण मुख्य कार्य भएको हुँदा कविताको परिचय, परिभाषा र वर्गीकरण गर्दै कविता विधाका रूपमा स्थापित विषयवस्तु ( भाव, विचार, कथावस्तु), पात्र वा सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषा, अलङ्कार, बिम्ब, प्रतीक, लयविधान जस्ता तत्त्वहरूलाई काव्य विश्लेषणको तत्त्वका रूपमा ग्रहण गरेर तिनको परिचय दिइएको छ ।

तेस्रो परिच्छेदमा शोधकार्यको क्षेत्रका रूपमा रहेको असमको भौगोलिक परिचय, जातीय बसोबास, संस्कार, संस्कृति, नेपालीहरूको प्रवेशका कारणहरू जस्ता विषयवस्तु प्रस्तुत गरिएको छ । भारतको उत्तर पूर्वाञ्चलमा रहेको वर्तमान असम पुरानू वृहत्तर असमको पछिल्लो राजनीतिक भूभागका रूपमा रहेको र यस भौगोलिक क्षेत्रमा नेपालीहरू ऐतिहासिक, राजनैतिक, आर्थिक, फौजी सेवा, औद्योगिक मजदूरी, कृषि तथा गौपालन जस्ता कारणबाट बसोबास गर्न पुगेको तथ्य निष्कर्षका रूपमा दिइएको छ ।

चौथो परिच्छेदमा असममा नेपाली भाषा साहित्यको इतिहासलाई अध्ययन गरिएको छ । यसमा भारतको स्वाधीनतापूर्व भएका नेपाली भाषा अध्ययनका प्रयासहरू, नेपाली भाषाप्रति सरकारको गलत दृष्टिकोण, नेपालीहरूले गर्नु परेका सङ्घर्ष, भारत सरकारले संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई मान्यता दिएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा असमेली नेपाली कविताको विकासक्रम र त्यसका विभिन्न चरण तथा उपचरण देखाइएको छ । असमेली नेपाली कविताको विकासलाई हेर्दा भारतीय स्वतन्त्रतालाई केन्द्र मानेर मुख्यतः स्वाधीनता पूर्वकाल र स्वाधीनता उत्तर काल गरी दुई चरणमा विभाजन गरिएको छ । स्वाधीनता पूर्वकाललाई पनि पहिलो चरण र दोस्रो चरणमा विभाजन गरी पहिलो चरणलाई अलिखित मौखिक परम्परा (सुरुदेखि - १८९२ सम्म) र दोस्रो चरणलाई लिखित साहित्यको निर्माणकाल (१९९३-१९४७) का रूपमा लिइएको छ । यसै गरी स्वाधीनता उत्तर काल (१९४७ पछि) लाई पहिलो, दोस्रो र तेस्रो उपचरणमा विभाजन गरिएको छ । पहिलो उपचरण (१९४७-१९७८) लाई जातीय जागरण काल, दोस्रो उपचरण (१९७९-१९९२) लाई भाषा आन्दोलन तथा विदेशी बहिष्कार आन्दोलन काल र तेस्रो उपचरण (१९९३ - हालसम्म) लाई जातीय जागरणको उत्थान कालका रूपमा लिइएको छ । यसरी समग्र असमेली नेपाली कविताको विकास यात्रालाई मुख्य दुई चरण र पाँच उपचरणमा विभाजन गरिएको छ ।

छैठौं परिच्छेदमा स्वाधीनता पूर्वकालका प्रतिनिधि कवि र तिनका प्रतिनिधि काव्य, काव्य कृतिको परिचय र विश्लेषण दिइएको छ । यस कालमा असमेली नेपाली कविताको पृष्ठभूमि निर्माण भएको र सवाइ काव्य, खण्डकाव्य र महाकाव्यसम्मका काव्य रचना भएको

देखिन्छ । प्रवृत्तिका दृष्टिले यस कालका कवितामा प्राकृतिक विनाशको चित्रण, नेपालीहरूले भोग्नु परेका आर्थिक विपत्ति, कृषि व्यवसाय, स्वदेशप्रतिको माया, त्याग, धर्म, नीति आदिको प्रस्तुति, भाषिक शैशवावस्था जस्ता पक्ष रहेको निष्कर्ष निकालिएको छ । यस कालका कवितामा लोकलय भ्याउरेको प्रभाव देखिन्छ भने शास्त्रीय वर्णमात्रिक छन्दमा पनि उत्तिकै काव्य सिर्जना भएको देखिन्छ ।

सातौं परिच्छेदमा स्वाधीनता उत्तर काल अन्तर्गत प्रथम चरणका रूपमा रहेको जातीय जागरण कालका प्रतिनिधि कविहरूको परिचय र तिनका प्रतिनिधि काव्य कृतिहरूको विश्लेषण गरिएको छ । यस उपचरणमा जातीय जागरणको आवाज भएका काव्य कृतिहरूको बाहुल्य रहेको देखिन्छ भने अन्य प्रवृत्तिहरूमा परिवर्तनको चाहना, मानवीय समस्याको प्रस्तुति, व्यङ्ग्य विद्रोह जस्ता प्रवृत्ति देखा परेका छन् । शैली शिल्पका दृष्टिले पनि परम्परागत शास्त्रीय छन्दबाट उन्मुक्त हुँदै मुक्त लयको आधिक्य देखिन्छ ।

आठौं परिच्छेदमा स्वाधीनता उत्तर काल अन्तर्गत दोस्रो उपचरणका रूपमा रहेको भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलन कालका प्रतिनिधि कविहरूको परिचय र तिनका प्रतिनिधि काव्य कृतिहरूको विश्लेषण गरिएको छ । यस उपचरणमा नेपाली भाषा आन्दोलन र नेपालीहरूलाई विदेशी ठान्ने प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य गर्दै लेखिएका काव्य कृतिहरू पर्दछन् । भाषिक अधिकार, जातीय पहिचान, अस्मिता र स्वाभिमान जस्ता विषयलाई प्रस्तुत गर्ने यस उपचरणका काव्य कृतिहरूमा मूल स्वरका रूपमा नेपाली भाषा र संस्कृतिको अस्तित्व नै रहेको कुरा निष्कर्षका रूपमा देखाइएको छ ।

नवौं परिच्छेद स्वाधीनता उत्तर काल अन्तर्गत जातीय जागरणको उत्थान कालका रूपमा रहेको तेस्रो उपचरणका प्रतिनिधि कविहरूको परिचय र तिनका प्रतिनिधि कृतिको विश्लेषणमा केन्द्रित छ । यस उपचरणमा देखिएका मूल प्रवृत्तिहरूमा जातीय सहिष्णुता, भाइचारा सम्बन्ध, देशप्रतिको कर्तव्य बोध, जातीय स्वाभिमान, संस्कृति, स्वतन्त्रता जस्ता विषय नै रहेका छन् । विशेष गरेर परम्परागत सामाजिक, सांस्कृतिक स्वरूपको रूपान्तरण र नव समाजको निर्माणतर्फ पनि यस तेस्रो उपचरणका काव्य कृतिमा प्रवृत्तिगत स्वर मुखरित भएको देखिन्छ ।

दसौं परिच्छेदमा समग्र शोधकार्यको  सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । असममा नेपालीहरूको प्रवेशदेखि लिएर बाँच्नका निम्ति गरिएका सङ्घर्ष, जातीय अस्तित्व, भाषिक आन्दोलन, काव्यका प्रगीतात्मक रूपदेखि महाकाव्यसम्मका विस्तारित रूपमा देखिएका परम्परागत वस्तु र शिल्प पक्षदेखि मुक्तलय हुँदै उत्तर आधुनिक वस्तु एवं शिल्पप्रतिको सचेततालाई असमेली नेपाली कविहरूले संवरण गर्न पुगेको निष्कर्ष निकालिएको छ ।

# विषय सूची

| | | **पृष्ठ** |
|---|---|---|
| सिफारिस पत्र | | ख |
| अनुमोदन पत्र | | ग |
| प्रतिबद्धता | | घ |
| कृतज्ञता ज्ञापन | | ङ |
| शोधसार | | छ |
| सङ्क्षिप्त शब्दसूची | | ध |


## पहिलो परिच्छेद
## शोध परिचय

| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य | १२ |
| १.६ | सीमाङ्कन | १३ |
| १.७ | शोधविधि | १३ |
| | १.७.१ सामग्री सङ्कलन विधि | १३ |
| | १.७.२ सैद्धान्तिक पर्याधार तथा शोध ढाँचा | १४ |
| १.८ | शोध प्रबन्धको रूपरेखा | १४ |


## परिच्छेद दुई
## कविताको सैद्धान्तिक स्वरूप र विश्लेषणका आधार

| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | १५ |
| २.२ | कविताको व्युत्पत्तिगत अर्थ | १५ |
| २.३ | कविताको परिभाषा | १६ |
| २.४ | पूर्वीय काव्य शास्त्रीका परिभाषा | १६ |
| २.५ | पाश्चात्य काव्य शास्त्रीका परिभाषा | १७ |
| २.६ | नेपाली विद्वान्का परिभाषा | १८ |
| २.७ | कविताको वर्गीकरण | १८ |
| २.८ | कविता विश्लेषणका सैद्धान्तिक आधार | २३ |
| | २.८.१ विषयवस्तु (भाव, विचार, कथावस्तु) | २३ |
| | २.८.२ पात्र वा सहभागी | २४ |
| | २.८.३ परिवेश | २५ |
| | २.८.४ उद्देश्य | २५ |
| | २.८.५ दृष्टिविन्दु | २५ |
| | २.८.६ भाषाशैलीय तत्त्व | २६ |
| | २.८.६.१ भाषा | २६ |
| | २.८.६.२ अलङ्कार | २६ |

२.८.६.३ बिम्ब २७
२.८.६.४ प्रतीक २७
२.८.६.५ लय विधान २८
२.९ निष्कर्ष २८

## तेस्रो परिच्छेद
## असमको परिचय र नेपालीहरूको पृष्ठभूमि

३.१ पृष्ठभूमि र विषय प्रवेश २९
३.२ असम नामको उत्पत्ति २९
३.३ असमको भौगोलिक परिचय ३०
३.३.१ पूरानो असम र यसको विभाजन ३१
३.३.२ वर्तमान असमको भौगोलिक सीमा ३२
३.३.३ असमको भू तथा प्राकृतिक वनोट ३२
३.३.४ असमको जलवायु ३३
३.४ असमको जातीय विविधता र भाषिक अवस्थिति ३३
३.४.१ असमका प्राचीन जाति ३३
३.४.२ असमका नेपाली जनसमुदाय ३८
३.४.२.१ जनसङ्ख्या ३८
३.४.२.२ जातजाति भाषा धर्मका आधारमा ३८
३.४.२.३ बसोवास, क्षेत्र र पेसा ३९
३.४.२.४ चाडपर्व र कला संस्कृति ३९
३.४.२.५ भेषभूषा ४०
३.४.२.६ अन्य सामाजिक गतिविधि ४०
३.५ उत्तरपूर्वीय भारतमा नेपाली जातिको प्रवेश ४१
३.५.१ ऐतिहासिक कारण ४१
३.५.२ राजनैतिक कारण ४६
३.५.३ आर्थिक कारण ४७
३.५.३.१ फौजी सेवा ४८
३.५.३.२ औद्योगिक मजदुरी ५१
३.५.३.३ कृषि तथा गौपालन ५२
३.६ निष्कर्ष ५४

## चौथो परिच्छेद
## असममा नेपाली भाषा साहित्यको इतिहास

४.१ विषय प्रवेश ५५
४.२ असममा नेपाली भाषाको आरम्भ र विकास ५५
४.२.१ असममा बसोवास गर्ने नेपालीहरूको जनसङ्ख्याको स्थिति ५६
४.२.२ नेपाली विषयको पठनपाठनको प्रारम्भ ५७

४.२.३ स्वाधीन पूर्व असममा नेपाली पाठशाला ५८
४.२.४ नेपाली पठनपाठन र परीक्षा प्रणालीको व्यवस्था ५९
४.२.५ शिक्षक नियुक्तिमा सरकारी दृष्टिकोण ६२
४.२.६ हायर सेकेन्डरी उच्चतर माध्यमिक र जुनियर कलेज स्तरमा नेपाली पठनपठान र शिक्षक नियुक्ति ६२
४.२.७ महाविद्यालय स्तरमा पठनपाठन र शिक्षक नियुक्तिको व्यवस्था ६२
४.२.८ गुवाहाटी विश्वविद्यालयमा नेपाली पठनपठान ६४
४.२.९ प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रम व्यवस्था ६४
४.३ नेपाली भाषाको मान्यता सम्बन्धी आन्दोलन ६७
४.४ संविधानमा नेपाली भाषालाई मान्यता ७६
४.५ निष्कर्ष ७८

## पाँचौँ परिच्छेद
## असमेली नेपाली कविताको विकासक्रम

५.१ विषय प्रवेश ७९
५.२ काल विभाजनका आधार र असमेली नेपाली कवितामा काल विभाजनका प्रयासहरू ७९
५.२.१ असमेली नेपाली कविताको विकास प्रक्रियाको विवेचना ८६
५.२.२ असमेली नेपाली कविताको स्वाधीनता पूर्वकाल (सुरुदेखि १८९२ सम्म) ८६
५.२.२.१ पहिलो चरण (सुरुदेखि १८९२ सम्म) अलिखित मौखिक परम्परा ८७
५.२.२.२ दोस्रो चरण (१८९३ - १९४७) लिखित साहित्यको निर्माण काल ८८
५.२.३ असमेली नेपाली कविताको स्वाधीनता उत्तर काल (१९४७ - वर्तमानसम्म) (आधुनिक काल) ९१
५.२.३.१ पहिलो चरण (१९४७ - १९७८) जातीय जागरण काल ९२
५.२.३.२ दोस्रो चरण (१९७९-१९९२) भाषा आन्दोलन तथा विदेशी बहिष्कार आन्दोलन काल ९५
५.२.३.३ स्वाधीनता उत्तरकालको तेस्रो चरण (१९९३- हालसम्म) जातीय जागरणको उत्थानकाल १००
५.३ निष्कर्ष १०४

## छैठौँ परिच्छेद
## स्वाधीनता पूर्वकालका प्रतिनिधि कवि र तिनका कविता कृति

६.१ विषय प्रवेश १०६
६.२ प्रतिनिधि कवि र तिनका प्रवृत्ति १०७
६.२.१ तुलाचन आले र उनका कविता कृतिको विश्लेषण १०७
६.२.१.१ काव्ययात्रा र प्रवृत्ति १०७
६.२.१.२ मणिपुरको लडाईको सवाईको विश्लेषण १०९
६.२.२ धनवीर भण्डारी र उनका कविता कृति ११२

६.२.२.१ काव्ययात्रा र प्रवृत्ति ११२
६.२.२.२ भैंचालाको सवाई (पहिलो भाग) ११३
६.२.३ महानन्द सापकोटा र उनका कविता कृति ११६
६.२.३.१ काव्ययात्रा र प्रवृत्ति ११६
६.२.३.२ 'मन लहरी' (१९२३) कविताको विश्लेषण ११९
६.२.४ पद्मप्रसाद ढुङ्गाना र उनका काव्य कृति १२६
६.२.४.१ काव्य यात्रा र प्रवृत्ति १२६
६.२.४.२ रामायण सप्तरत्न पद्मप्रकाश महाकाव्य १२७
६.३ स्वाधीनता पूर्व निर्माण कालका प्रतिनिधि कवि र तिनका फुटकर कविताको विश्लेषण १३५
६.३.१ पं. जगन्नथा उपाध्याय गुरागाईं र उनका कविता कृति १३५
६.३.१.१ काव्य यात्रा र प्रवृत्ति १३६
६.३.१.२ 'कमायौं वा गुमायौं' कविताको विश्लेषण १३७
६.३.१.३ 'मातृ वियोग' कविताको विश्लेषण १४०
६.४ स्वाधीनता पूर्वकालका कवितामा लय विधान १४३
६.५ स्वाधीनता पूर्वकालका कवितामा दृष्टिविन्दु १४४
६.६ निर्माण कालका अन्य कवि र तिनका कृति १४५
६.६.१ आत्मराम मगर १४५
६.६.२ कृष्णबहादुर उदास १४६
६.६.३ शुरवीर राई १४७
६.६.४ गजवीर राणा मगर १४८
६.६.५ गोपीलाल घिमिरे १४९
६.६.६ भीष्मप्रसाद उपाध्याय १५०
६.६.७ हरिप्रसाद शर्मा बाँस्तोला १५०
६.६.८ रामचन्द्र शर्मा १५१
६.६.९ रत्नबहादुर कार्की १५२
६.७ निष्कर्ष १५२

## सातौँ परिच्छेद
## स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका कविता कृति

७.१ विषय प्रवेश १५३
७.२ स्वाधीनता उत्तर कालको प्रथम चरण (१९४७-१९७८) जातीय जागरण कालको विशेषता १५३
७.३ जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका खण्डकाव्य १५४
७.३.१ के.बी. नेपाली र उनका काव्य कृति १५५
७.३.१.१ काव्य यात्रा र प्रवृत्ति १५५
७.३.१.२ 'प्लेट फार्म' खण्डकाव्य १५७
७.३.२ तुलबहादुर मालेमा र उनका काव्य कृति १६५
७.३.२.१ काव्य यात्रा र प्रवृत्ति १६५
७.३.२.२ 'चेतना' खण्डकाव्यको विश्लेषण १६७

७.४ जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका फुटकर कविता कृति १७६
७.४.१ पुष्पलाल उपाध्याय र उनका कविता कृति १७७
७.४.१.१ काव्य यात्रा र प्रवृत्ति १७७
७.४.१.२ 'ठेसको गन गन' कविताको विश्लेषण १७८
७.४.२ हरिभक्त कटुवाल र उनका कविता कृति १८१
७.४.२.१ काव्य यात्रा र प्रवृत्ति १८१
७.४.२.२ 'पोखिएर घामको झुल्का' गीतको विश्लेषण १८४
७.४.२.३ 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण १८६
७.४.२.४ 'ए म बौलाइसकेछु' कविताको विश्लेषण १८९
७.५ स्वाधीनता उत्तर जातीय जागरण कालका कवितामा लय विधान १९१
७.६ स्वाधीनता उत्तर जातीय जागरण कालका कवितामा दृष्टिविन्दु १९२
७.७ स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालका अन्य कवि र कविता १९३
७.७.१ हरिनारायण विद्याभूषण १९३
७.७.२ नित्यानन्द तिम्सिना १९५
७.७.३ प्रेमसिंह सुवेदी १९७
७.७.४ नरनाथ उपाध्याय दङ्गाल १९८
७.७.५ भवानी शंकर उपाध्याय १९८
७.७.६ मास्टर गंगाधर खतिवडा १९८
७.७.७ जसु सुब्बा विरही १९९
७.७.८ पं. शिवराज बराल १९९
७.७.९ हरिप्रसाद शर्मा खनाल २००
७.७.१० चोकबहादुर थापा २०१
७.७.११ कुलबहादुर छेत्री २०१
७.७.१२ श्री पण्डित दधिराम उपाध्याय मिश्र २०२
७.७.१२ भुपेन निषाद २०२
७.७.१४ सदानन्द शर्मा २०३
७.७.१५ कविराज शास्त्री २०३
७.७.१६ यज्ञप्रसाद सुवेदी २०३
७.७.१७ महाराज वसन्त गिरी २०४
७.७.१८ रामचन्द्र शास्त्री २०४
७.७.१९ टीकाराम उपाध्याय 'निर्भीक' २०४
७.७.२० रामचन्द्र शास्त्री २०५
७.७.२१ रणवीर गिरी २०६
७.७.२२ नयनदत्त शर्मा २०६
७.७.२३ मानबहादुर थापा २०६
७.८ निष्कर्ष २०७

## आठौँ परिच्छेद
## स्वाधीनता उत्तर कालको दोस्रो चरण (भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन) का प्रतिनिधि कवि र तिनका कविता कृति

८.१ विषय प्रवेश २०८

८.२ स्वाधीनता उत्तर कालको दोस्रो चरण भाषा आन्दोलन तथा विदेशी वहिष्कार आन्दोलन कालको विशेषता २०८
८.३ भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन कालका प्रतिनिधि कवि र तिनका खण्डकाव्य २१०
८.३.१ युद्धवीर राणा र उनको लामो कविताको विश्लेषण २१०
८.३.१.१ काव्य यात्रा र प्रवृत्ति २१०
८.३.१.२ 'चिहान नपाएका तक्माहरू' कविताको विश्लेषण २१२
८.४ भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन कालका प्रतिनिधि फुटकर कविता २१८
८.४.१ दुर्गाप्रसाद घिमिरे र उनका कविता कृति २१८
८.४.१.१ काव्य यात्रा र प्रवृत्ति २१८
८.४.१.२ 'डमरु' कविताको विश्लेषण २२०
८.४.१.३ 'संवाद' कविताको विश्लेषण २२३
८.४.२ भविलाल लामिछाने र उनका कविता कृति २२६
८.४.२.१ काव्य यात्रा र प्रवृत्ति २२६
८.४.२.२ 'ईश्वरको मृत्यु' कविताको विश्लेषण २२९
८.४.२.३ 'घामले आत्महत्या गर्दछ' कविताको विश्लेषण २३२
८.४.३ अविनाश श्रेष्ठ र उनको कविता कृति २३५
८.४.३.१ काव्य यात्रा र प्रवृत्ति २३५
८.४.३.२ 'जङ्गल : एउटा सलिलक्की' कविताको विश्लेषण २३७
८.४.३.३ 'कोलाज कविता : २' कविताको विश्लेषण २४२
८.४.४ नव सापकोटा र उनका कविता कृति २४५
८.४.४.१ काव्य यात्रा र प्रवृत्ति २४५
८.४.४.२ 'वैशाख आउँछ' कविताको विश्लेषण २४७
८.४.४.३ 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण २४९
८.४.५ खड्गबहादुर कौशिक र उनका कविता कृति २५२
८.४.५.१ काव्य यात्रा र प्रवृत्ति २५२
८.४.५.२ 'एक बिहान एक साँझ' कविताको विश्लेषण २५४
८.४.५.३ 'नन्बेल वारेन्ट' कविताको विश्लेषण २५८
८.४.६ मोहन सुवेदी र उनका कविता कृति २६१
८.४.६.१ काव्य यात्रा र प्रवृत्ति २६१
८.४.६.२ 'अशान्त प्रहर' कविताको विश्लेषण २६३
८.४.७ छविलाल उपाध्याय र उनका कविता कृति २६५
८.४.७.१ काव्य यात्रा र प्रवृत्ति २६५
८.४.७.२ 'यहाँ यस्तै छ' कविताको विश्लेषण २६७
८.५ स्वाधीनता उत्तर कालको दोस्रो चरण (भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन) का कवितामा लय विधान २६९
८.६ स्वाधीनता उत्तर कालको दोस्रो चरण (भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन) का कवितामा दृष्टिविन्दु २७०
८.७ स्वाधीनता उत्तर कालको दोस्रो चरण भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन कालका अन्य कवि र कविता २७१
८.७.१ कुलप्रसाद शर्मा २७१

८.७.२ तुंगनाथ नेपाल सत्याग्रही २७२
८.७.३ शिव आचार्य २७२
८.७.४ मोतीसिंह क्षेत्री २७३
८.७.५ दामोदर ढकाल २७४
८.७.६ बालकृष्ण उपाध्याय २७४
८.७.७ गोमा शर्मा २७५
८.७.८ गोपालबहादुर नेपाली २७६
८.७.९ गुरुभक्त धिताल २७६
८.७.१० रेवतीरमण शास्त्री २७७
८.७.११ कृष्णविक्रम राणा २७८
८.७.१२ तेजुराम बस्नेत २७९
८.७.१३ देवराज आचार्य २७९
८.७.१४ इन्द्र भट्टराई २८०
८.८ निष्कर्ष २८१

## नवौँ परिच्छेद
## स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका प्रतिनिधि कवि र तिनका कविता कृति

९.१ विषय प्रवेश २८२
९.२ जातीय जागरण कालको विशेषता २८२
९.२.१ जातीय जागरणको उत्थान कालका प्रतिनिधि महाकाव्य र खण्डकाव्यको विश्लेषण २८४
९.२.१.१ विद्यापति दाहाल र उनका काव्य कृति २८५
९.२.१.२ काव्य यात्रा र प्रवृत्ति २८५
९.२.१.३ 'उषाहरण' महाकाव्यको विश्लेषण २८६
९.२.२ खेमराज नेपाल र उनको महाकाव्य २९२
९.२.२.१ काव्य यात्रा र प्रवृत्ति २९२
९.२.२.२ 'सृष्टि' महाकाव्यको विश्लेषण २९५
९.३ स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थानकालका प्रतिनिधि फुटकर कविताको विश्लेषण ३११
९.३.१ मैना थापा आशा र उनका कविता कृति ३११
९.३.१.१ काव्य यात्रा र प्रवृत्ति ३११
९.३.१.२ 'ए वीर तिमीलाई नमन' कविताको विश्लेषण ३१३
९.३.१.३ 'म समय हुँ' कविताको विश्लेषण ३१५
९.३.२ लक्ष्मीप्रसाद पराजुली र उनका कविता कृति ३१७
९.३.२.१ काव्य यात्रा र प्रवृत्ति ३१७
९.३.२.२ 'आउनुहोस हामी एउटा युद्धको शुभारम्भ गरौं' कविताको विश्लेषण ३१९
९.३.२.३ 'समय यो कस्तो समय' कविताको विश्लेषण ३२२
९.३.३ श्याम लिवाङ र उनका कविता कृति ३२४
९.३.३.१ काव्य यात्रा र प्रवृत्ति ३२४
९.३.३.२ 'अभिशापित कलियुग' कविताको विश्लेषण ३२६

९.३.४ होमबहादुर क्षेत्री र उनका कविता कृति ३२८
९.३.४.१ काव्यात्रा र प्रवृत्ति ३२८
९.३.४.२ 'मृततृष्णाको नदी' कविताको विश्लेषण ३३१
९.३.४.३ 'सूर्य निभ्दैन' कविताको विश्लेषण ३३४
९.३.५ जयन्तकृष्ण शर्मा र उनका कविता कृति ३३८
९.३.५.१ काव्य यात्रा र प्रवृत्ति ३३८
९.३.५.२ 'भगवानको अन्वीक्षणमा' कविताको विश्लेषण ३४०
९.३.६ पुष्पधर शर्मा र उनका कविता कृति ३४३
९.३.६.१ काव्य यात्रा र प्रवृत्ति ३४३
९.३.६.२ 'हाम्रो धुक धुकी जराहरू' कविताको विश्लेषण ३४५
९.३.६.३ 'सर्वहारा' कविताको विश्लेषण ३४९
९.३.७ चन्द्रकला नेवार र उनका काव्य कृति ३५३
९.३.७.१ काव्य यात्रा र प्रवृत्ति ३५३
९.३.७.२ 'उज्यालो बिहानी पोखिन्छ जब' कविताको विश्लेषण ३५४
९.३.८ शान्ति थापा र उनका कविता कृति ३५६
९.३.८.१ काव्य यात्रा र प्रवृत्ति ३५७
९.३.८.२ 'हिमाली सन्तान' गीतको विश्लेषण ३५८
९.३.९ निरु शर्मा पराजुली र उनका कविता कृति ३६०
९.३.९.१ काव्य यात्रा र प्रवृत्ति ३६०
९.३.९.२ 'बनसाइ' कविताको विश्लेषण ३६२
९.३.९.३ 'भोकमा कोरिएका शब्दहरू' कविताको विश्लेषण ३६४
९.३.१० किरणकुमार राई र उनका कविता कृति ३६६
९.३.१०.१ काव्य यात्रा र प्रवृत्ति ३६७
९.३.१०.२ 'खोजहरू -- शान्तिको, विस्तृताको' कविताको विश्लेषण ३६८
९.३.११ गोविन्द शाण्डिल्य र उनका काव्य कृति ३७०
९.३.११.१ काव्य यात्रा र प्रवृत्ति ३७०
९.३.११.२ 'पूर्वारुण' हाइकु कविताको विश्लेषण ३७२
९.३.११.३ 'मेरो मुटुमा मेरो देश' कविताको विश्लेषण ३७५
९.३.१२ स्वाधीनता उत्तर जातीय जगारण कालका तेस्रो चरणका कवितामा लयविधान ३७८
९.३.१३ स्वाधीनता उत्तर जातीय जागरण कालका तेस्रो चरणका कवितामा दृष्टिविन्दु ३७९
९.३.१४ स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका अन्य कवि र कविता ३७९
९.३.१४.१ टीकाप्रसाद शर्मा ३८०
९.३.१४.२ डा. लालुप्रसाद उपाध्याय ३८०
९.३.१४.३ तुलसी काफ्ले ३८१
९.३.१४.४ चक्रपाणि शर्मा ३८१
९.३.१४.५ लीला कालिकोटे ३८२
९.३.१४.६ नारायण उपाध्याय ३८२
९.३.१४.७ त्रैलोक्यनाथ गौतम ३८३
९.३.१४.८ लोकनाथ उपाध्याय ३८४

९.३.१४.९ इन्दु प्रभा देवी ३८४
९.३.१४.१० कृष्णप्रसाद भट्टराई ३८५
९.३.१४.११ रमेश दवाडी ३८६
९.३.१४.१२ रण काफ्ले ३८६
९.३.१४.१३ इन्द्रकान्त कार्की ३८७
९.३.१४.१४ हस्त सुब्बा ३८७
९.३.१४.१५ धमेन्द्र उपाध्याय ३८८
९.३.१४.१६ तया चापागाई ३८८
९.३.१४.१७ वैद्यनाथ उपाध्याय ३८९
९.३.१४.१८ दैवकी देवी तिम्सिना ३८९
९.३.१४.१९ कमल वगाले ३९०
९.३.१४.२० दीपक रिजाल ३९०
९.३.१४.२१ तारानाथ शाण्डिल्य ३९१
९.३.१४.२२ इन्द्र अधिकारी ३९१
९.३.१४.२३ नेत्रभूषण खड्का ३९२
९.३.१४.२४ पूर्ण छेत्री ३९२
९.३.१४.२५ कर्णबहादुर छेत्री ३९३
९.३.१४.२६ अमिया छेत्री ३९३
९.३.१४.२७ शिव शास्त्री ३९४
९.३.१४.२८ कृष्णबहादुर रावत ३९४
९.३.१४.२९ दिलिप शर्मा सिटौला ३९५
९.३.१४.३० होमनाथ सुवेदी ३९५
९.३.१४.३१ नारायण प्रधान ३९६
९.३.१४.३२ रूपनारायण पाठक ३९६
९.३.१४.३३ लीलनान्द उपाध्याय 'दरङ्गे' ३९७
९.३.१४.३४ बद्री गुरागाई ३९८
९.३.१४.३५ हरि गजुरेल ३९८
९.३.१४.३६ गोपाल खड्का ३९९
९.३.१४.३७ रतनकुमार पाण्डे ३९९
९.३.१४.३८ रामप्रसाद दाहाल ४००
९.३.१४.३९ कमल चम्लागाईं ४००
९.३.१४.४० उमानाथ ज्ञवाली ४०१
९.३.१४.४१ प्रह्लाद छेत्री ४०२
९.३.१४.४२ जीवन शर्मा फुएँल ४०२
९.३.१४.४३ बलराम उपाध्याय ४०२
९.३.१४.४४ लीलबहादुर सुनार ४०३
९.३.१४.४५ रामप्रसाद ढकाल ४०४
९.३.१४.४६ ईश्वर लम्साल ४०४
९.३.१४.४७ लक्ष्मण अधिकारी ४०५
९.३.१४.४८ डम्बर दाहाल ४०५
९.३.१४.४९ कालिदास शर्मा थपलिया ४०६
९.३.१४.५० खडकराज गिरी ४०६

९.३.१४.५१ रेवतीमोहन निम्सिना ४०७
९.३.१४.५२ अंगराज छेत्री ४०७
९.३.१४.५३ खिलनाथ शर्मा अधिकारी ४०८
९.३.१४.५४ दिनमणि शास्त्री ४०८
९.३.१४.५५ विष्णु शास्त्री ४०९
९.३.१४.५६ बुद्धि सुवेदी ४०९
९.३.१४.५७ लावण्य देवी ४१०
९.३.१४.५८ वसुन्धरा शर्मा ४१०
९.३.१४.५९ धमेन्द्र उपाध्याय ४११
९.३.१४.६० नरबहादुर क्षेत्री ४११
९.३.१४.६१ कमलादेवी भट्टराई ४१२
९.४ निष्कर्ष ४१२

## दस परिच्छेद
## सारांश तथा निष्कर्ष

१०.१ विषय प्रवेश ४१४
१०.२ सारांश ४१४
१०.३ निष्कर्ष ४१७

**परिशिष्ट**
**सन्दर्भ सामग्री सूची**

## सङ्क्षिप्त शब्द तथा सङ्केत सूची

| | | |
|---|---|---|
| अनु. | - | अनुवाद/अनुवादक |
| अ.ने.सा.प. | - | असम नेपाली साहित्य परिषद् |
| अ.ने.सा.स. | - | असम नेपाली साहित्य सभा |
| ने.प्र.प्र. | - | नेपाली प्रकाशन परिषद् |
| ने.सा.प्र.स. | - | नेपाली साहित्य प्रचार समिति |
| पुनः संस्क. | - | पुनः संस्करण |
| पु.स्मृ.अ.गो. | - | पुष्पलाल स्मृति अध्ययन गोष्ठी |
| पृ. | - | पृष्ठ |
| ब. | - | बहुमुखी |
| बो.स्मृ.प्र. | - | बोधकुमारी स्मृति प्रकाशन |
| ले. | - | लेखक |
| वि.सं. | - | विक्रम सम्वत् |
| संस्क. | - | संस्करण |
| सम्पा. | - | सम्पादक |
| ed. | - | Editor/Editors |
| edn. | - | Edition |
| .. | - | पदावली तहसम्मको अंश छोडिएको |
| … | - | वाक्यदेखि सङ्कथन तहसम्मको अंश छोडिएको |